DATE
PAGE No.

पाठ - २
भाग्य

- सुधा त्रिपाठी

अभ्यास

१) उत्तर भन:

क) पुन्टे किन छक्क परेर हेरिरहेको थियो?

→ धने ~~साहुले~~ साहुको थालमा अलिकति भात, अनि वरिपरि कचौरा र प्लेटमा थुप्रै खाने कुरा देखेर पुन्टे छक्क परेर बसिरहेको थियो।

ख) दिउँसोको छुट्टीमा केटाहरू के गर्थे?

→ दिउँसोको छुट्टीमा केटाहरू भकुन्डो खेल्थे।

ग) हजुरआमाको विचारमा भाग्य के हो?

→ हजुरआमाको विचारमा भाग्य छ देउताले हाम्रो निधारमा छैटीको दिन लेखिदिने कुरा हो।

Scanned with CamScanner

DATE
PAGE No.

घ) कर्मको कलम भनेको के हो?
→ कर्मको कलम भनेको मिहिनेत र काम हो।

ङ) मान्छेको भाग्य कसरी बलियो र राम्रो हुन्छ?

→ मान्छेको भाग्य धेरै मिहिनेत गरेर बलियो र राम्रो हुन्छ।

३. कसले कसलाई किन भनेको हो? लेख:

(क) भाग्य भनेको देउताले हाम्रा निधारमा लेखेको कुरा हो।
→ हजुरआमाले पुन्टेलाई किनकी पुन्टेले भाग्यको बारेमा सोध्यो।

(ख) हाम्रा हामीले तेरो छैटीमा देउतालाई तेरो भाग्य लेख्न दिएनौं नि।
→ पुन्टेको बुबाले पुन्टेलाई। पुन्टेको कुरा सुनेर।

Scanned with CamScanner

DATE
PAGE No.

ग) कर्मको कलमले भाग्य लेख्नुपर्छ।

→ पुन्टेको बाबुले पुन्टेलाई पुन्टेको प्रश्नको उत्तर दिँदै।

घ) यो त काम गर्ने कालु मकै खाने भालु भने झैँ भएन र?

→ पुन्टेले पुन्टेको बाबुलाई। बाबुको कुरा सुनेर।

ङ) अब श्रम र जमिनको सम्बन्ध हाम्रो भाग्यसित जोड्ने कुरा गर्नुपर्छ।

→ पुन्टेको बुबाले पुन्टेलाई। पुन्टेलाई ~~सम्झाउँदै~~ बुझाउँदै।

४. ठिक उत्तरमा ठिक (✓) चिह्न लगाऊ:

क) धनीराम कसको नाम हो?
अ) बुबाको आ) आमाको (इ) साहुको ✓

Scanned with CamScanner

DATE
PAGE No.

ख) "हाम्रो भाग्य अरूलाई लेख्न दिने हुँदैन।"
यो भनाइ कसको हो?

अ) पुन्टेकी हजुरआमाको ✓ आ) पुन्टेकी आमाको
इ) पुन्टेका बाबुको

ग) धनेले दुधभात ल्याएर कसलाई दियो?

अ) पुन्टेलाई आ) चरालाई ✓ इ) कुकुरलाई

---

शब्दभण्डार

८. मिल्ने अर्थ छानेर जोडा मिलाऊ:

धक्का = अचम्म
अर्थ = तात्पर्य
देउता = भगवान
निधार = ललाट
आमा = माता
श्रम = मिहिनेत

---

Scanned with CamScanner

८) उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाई कापीमा सार:

धनी —— गरिब
~~धा~~ धेरै —— थोरै
देउता —— दानव
बलियो —— कमजोर
नयाँ —— पुराना
असन्तुष्टि —— सन्तुष्टि

---

उच्चारण र हिज्जे

१०. तलका शब्द शुद्धसँग उच्चारण गर:

दैटी, ढुलुढुलु, जुठेल्ना, जस्केलो

---

११) तल दिइस्काशब्दहरू सच्याउ:

जिग्यासु = जिज्ञासु
म्वाइ = म्वाइँ
घुतुक्क = घुटुक्क

Scanned with CamScanner

बेचइन = बेचैन
परिशर्मी = परिश्रमी

१२) पाठबाट पुन्टे, घुटुक्क, थुक जस्ता ह्रस्व उकार हुने ~~दश~~ दशओटा शब्दहरू खोजेर लेख।

- टुलुटुलु
- ~~साहुले~~ साहु
- चुलातिर
- थुप्रै
- तिहुन
- चुठन
- दुधभात
- जुठेल्ना
- कुकुर
- बाबु

कार्यमूलक व्याकरण

१३) पद र बुझ:

→ # माथिको तालिका अध्ययन गरी पाठबाट सर्वनाम प्रयोग भएका पाँच-ओटा वाक्यहरू खोजेर लेख।

→ ऊ त्यहाँ आफ्नो घरको भन्दा सबै थोक फरक देख्थ्यो।

Scanned with CamScanner

DATE
PAGE No.

→ कर्मको कलम भनेको के हनि बा?
→ हरेक कुरा फरक देखेर त्यो फरक हुनुको अर्थ खोज्थ्यो।
→ यो त काम गर्ने कालु मके खाने भालु भने झैं भस्न र?
→ ऊ धेउमा बसेर हेरिरहन्थ्यो।

---

१४. पुछ, बुझ र गर:
# पाठबाट निपात प्रयोग भस्का पाँचओटा वाक्य खोजेर लेख।

→ कर्मको कलम भनेको के हो नि बा?
→ म मेरो भाग्य आफैं लेख्दै जान्छु है।
→ रातभरि बत्ती निभ्न दिनु हुँदैन रे।
→ हो, तर तलाई किन यत्रो चासो नि।
→ किन खाली राखेको त बा मेरो निधार।

---

१५.) त, पो, क्यारे, नि, चाहिँ, लौ, ल निपातको प्रयोग गरी एक एकओटा वाक्य बनाऊ।

त = मलाई त निन्द्र लाग्यो।

Scanned with CamScanner

DATE
PAGE No.

पो - रामले पो परीक्षा टप गरेछ।
क्यारे - ब्याङ्गलोरले आई.पी.एल. जित्यो क्यारे।
नि - भाइलाई मैले टम खेल्न दिइन नि।
चाहिँ - आज, चेन्नाई चाहिँ आज हार्ला।
लौ - लौ, आज त दिल्ली हार्यो।
ल - ल, म भोलि काम बुझाउँछु।

---

७) ख) तलका उखानलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर:

- गर्ने भन्ने हनुमान पगरी गुथ्ने ढेडु भने झैँ दिनभर मैले कोठा सफा गरे तर मम्मीले दिदीलाई स्याबास भन्नुभयो।
- रामले नेपाली शिक्षकलाई नेपालीको बारेमा बुझाइरहेको थियो, यो त इन्द्रको अगाडि स्वर्गको बयान भने झैँ भयो।
- एक दिन, मैले लुगा किन्दा चिट्टा फिमा पारेको थिए। मैले आए आँप गए झटारो भनेर त्यो चिट्टा भरे।

- म क्रिकेट खेलेर भोकाउँदै घर आएको थिए। ममुले मलाई एउटा चकलेटको टुक्रा मात्र दिनुभयो। यो त हात्तीको मुखमा जिरा भने झैं भयो।

- नाच्न नजान्ने आँगन टेढो भने झैं रमेले नराम्रो भरगायो तर उसले माइकमा खराबि छ भन्यो।

- बाँदरका हातमा नरिवल भने झैं भाइलाई मैले मोबाइल दिएको कारण उसले त त्यो मोबाइल फुटालेछ।

DATE ____
PAGE No. ____

DATE
PAGE No.

पाठ -२

भाग्य

-सुधा त्रिपाठी

अभ्यास

छ) भाव स्पष्ट गर:

अब श्रम र जमिनको सम्बन्ध हाम्रो भाग्यसित जोड्ने कुरा गर्नुपर्छ र आफ्नो भाग्य आफैँ लेख्नुपर्छ।

(२०१५-..)

→ सुधा त्रिपाठी द्वारा रचित भाग्य कथामा लेखकले भाग्यको वर्णन गरेका छन्। लेखकले भाग्य आफैंले लेख्नुपर्छ भन्ने कुरा स्पष्ट पारेका छ। भाग्य कर्मको कलमले लेख्नुपर्छ भन्ने कुरा लेखकले ~~स्पष्टसँग बताएका~~ कथाको मार्फत बताइदिएकीछिन्।

यस कथामा पुन्टेकले 'भाग्य भनेको के हो', भन्ने प्रश्न गर्दा। उसकी हजुरआमाले ~~पु~~ उसलाई, "भाग्य भनेको देउताले छैटीको दिन आएर लेखिदिने कुरा हो।" भन्छिन्। पुन्टेले आफ्नो बहिनीको छैटीको

Scanned with CamScanner

दिन उसको बुबालाई "भाग्य देवीले लेख्ने हो" भन्छ। उसको बुबाले, "भाग्य देवताले होइन आफ्नो कर्मको कलमले लेख्नुपर्छ" भन्छन्। यहाँ कर्मको कलम भनेर काम, मिहिनेतलाई जनाइएको छ। मानिसले जति मिहिनेत गर्छ, उसको भाग्य उतिनै बलियो र राम्रो हुन्छ।

अतः श्रम र जमिनको सम्बन्ध नङ र मासु जस्तै हुन्छ। यदी मानिसले आफ्नो जमिनमा श्रम गर्यो भने उसलाई श्रमको फल प्राप्त हुन्छ। यसरी नै हामीले श्रम र जमिनको सदुपयोग गरेर यसलाई भाग्य सित जोड्नुपर्छ र आफ्नो भाग्य आफैं लेख्नुपर्छ।

पाठ-२
भाग्य

५. उत्तर लेख:

क) पुन्टेले किन घुटुक्क थुक निल्यो?

→ भाग्य कथामा मानिसको भाग्यको वर्णन गरिएको छ। यस कथामा धनी र गरीब गरिबको भिन्नताको बारेमा पनि बताइएको छ। यस कथामा पुन्टेको बारेमा बताइएको छ। पुन्टेका बाबु धने, साहुकोमा काम गर्दथे। उनले त्यहाँ जाँदा कहिले काही पुन्टेलाई पनि लान्थे। पुन्टे घरको बाहिर बस्थ्यो। पुन्टे कहिले काही मझेरीमा पनि बस्थ्यो। एक दिन, पुन्टे मझेरीमा बसिरहेको थियो। धने साहु भात खाँदै थियो। थालमा अलिकति भात, अनि वरिपरि कचौरा र प्लेटमा थुप्रै खाने कुरा देख्यो। त्यसपछि, धनेसाहुले जुठेलनाको डुङ्गामा दुधभात राखेर कुकुरलाई ख्वाइदिएको देखेर पुन्टेले घुटुक्क थुक निल्यो।

ख) पुन्टेले किन छैटौं दिनको प्रतीक्षा गरिरहेको थियो?

→ एक दिन, पुन्टे बुबाले पुन्टेलाई स्कुलमा भर्ना गरिदिनुभयो। स्कुलमा खाजा खाने ब्रेकमा केटाहरू भकुन्डो खेल्थे। केटाहरूले जानी जानी पुन्टेलाई भकुन्डाले हान्थे र उनीहरू आफैं हाँस्थे। स्कुलमा उ आफ्नो सामान र साथीहरूको सामान फरक देख्थ्यो। उसले हजुरआमालाई ~~स्व~~ सोध्दा हजुरआमाले, "भाग्य को खेल।" भनिन्। पुन्टेले भाग्यको बारेमा जान्न खोज्यो र हजुरआमाले पुन्टेलाई, "भाग्य देउताहरूले छैटीको दिनमा हाम्रो निधारमा लेख्ने कुरा हो।" यो सुनेर पुन्टे खुसी भयो किनकी उसकी बहिनी पनि ~~भर्ख~~ जन्मिएको धेरै दिन भएको थिएन। उ सोच्थ्यो अब म बहिनीको छैटीलेखे भाग्य लेखेको हेर्छु र त्यहाँ कापी र कलम राखिदिन्छु। त्यसैले, पुन्टे छैटौं दिनको प्रतीक्षा गरिरहेको थियो।

ग) पुन्टेले किन असन्तुष्टि जनायो?

→ पुन्टे बहिनीको छैटी हेर्न तयार भएर बसिरहेको थियो। ऊ,"म भाग्य हेर्न जाउँछु र बहिनीको भाग्य पनि राम्रो बनाउँछु," भन्थ्यो। तर छैटीको दिनमा उसका बुबाले बहिनीको भाग्य नलेखाउने भने। यस कारण पुन्टेले असन्तुष्टि जनायो। पुन्टेले बहिनीको भाग्य किन नलेखेको भनेर ~~पुन्टेले~~ बुबालाई सोध्दा बुबाले, "हामीले तेरो भाग्य लेखाएनौं।" भन्नुभयो। पुन्टेले ~~सोच्यो~~ सोच्यो त्यसैले ऊ मैले साथीहरूको पिटाइ खान्थे। त्यसैले ~~पनि~~ पुन्टेले असन्तुष्टि जनायो। पुन्टेका बुबाले पुन्टेलाई यसबारे बुझाउँदै गर्दा, "काम जसले ~~ऊ~~ गर्यो उसको भाग्य राम्रो हुन्छ" भने। पुन्टेले पनि भन्यो ~~सोच्यो~~, "साहुभन्दा त बुबा धेरै काम गर्नुहुन्छ तर किन साहु धनी छ। यो त काम गर्ने कालु मर्के खाने भालु ~~भएक~~ भएन र?" त्यसैले ~~पु~~ पुन्टेले असन्तुष्टि जनायो।

Scanned with CamScanner

घ) पुन्टेका बाबु किन गरिब बन्न पुगे?

-> पुन्टेका बाबुले धेरै मिहिनेत गर्थे। तर उनले काम मात्रै ~~ब~~ गरिरहे। उनले यसलाई आफ्नो भाग्यमा जोड्नुपर्ने भन्नेकुरा बल्ल बुझे। पुन्टेले उनलाई, "किन काम गर्ने कालु मकै खाने कालु भने झैं हजुरले काम गर्नुहुन्छ तर धनीराम चाहिं धनी छ?" पुन्टेका बुबाले यसको उत्तर दिंदै भने, "काम गर्नेसँग प्रशस्त जमिन छैन। जमिन हुनेहरूसँग श्रमको मूल्य बुझ्ने मन छैन। त्यसैले, अब श्रम र जमिनको सम्बन्ध हाम्रो भाग्यसित जोड्ने कुरा गर्नुपर्छ। यसो गरेपछि आफ्नो भाग्य आफैंले बलियो र राम्रो पार्न सकिन्छ। तर मलाई यो कुरा पहिला बुझाउने कोही भएन र मैले बुझ्न सकिन। तर अहिले आएर मैले बुझेको छु। त्यसैले तिमीहरूलाई बुझाउँदै छु।"

अतः श्रमलाई भाग्यसँग जोड्न नसकेर पुन्टेका बुबा गरिब बन्न पुगे।

Scanned with CamScanner

DATE
PAGE No.

ङ) हामीले कसरी आफ्नो भाग्य आफैं लेख्न सक्छौं?

→ हामीले कर्मको कलमले आफ्नो भाग्य आफैं लेख्न सक्छौं। कर्मको कलम भनेको ~~मिहिनेत~~ मिहिनेत हो। तर आफ्नो आफैं लेख्ने मानिसले दुःख अलि बढी भोग्नुपर्छ। तर मिहिनेत मात्रै गरेर हुँदैन। मिहिनेत मात्रै ~~गरे गर्यौं~~ गर्यौं भने त पुन्टेका बुबा जस्तो हुन पुग्नसक्छौं। त्यसैले अब हामीले दुःखले गरेको श्रमलाई भाग्यसँग जोड्नु पर्छ। यसो गर्यौं भने हाम्रो भाग्य बलियो र राम्रो हुन्छ। यस संसारमा श्रम गर्ने मानिससँग जमिन हुँदैन र साहुसँग श्रमको मुल्य दिने मन हुँदैन। त्यसैले अब सबैले आ-आफ्नो श्रमलाई भाग्यसँग जोड्न सक्यौं भने सबैबिच समानता हुन्छ।
अतः हामीले श्रमलाई भाग्यसँग जोडेर आफ्नो भाग्य आफैं लेख्न सक्छौं।

Scanned with CamScanner

DATE
PAGE No.

च) 'भाग्य' ~~कथाबाट~~ कथाबाट के शिक्षा पाइन्छ?

→ हामीले यस कथाबाट धेरै शिक्षा पाउन ~~सक्छौं~~ सक्छौं। हाम्रो भाग्य हामीहरुले आफैं कसरी लेख्न सक्छौं?, धनी र गरिबको भिन्नता के हो?, भाग्यको बारेमा समाजमा भएका झुट्टा कुराहरू के के हुन्? यी सबै प्रश्नको उत्तर यो कथामा दिइएको छ। हामीले हाम्रो भाग्य आफैंले लेख्नका लागि श्रम गर्नुपर्छ र त्यो गरेको श्रमलाई आफ्नो भाग्यसँग जोड्नुपर्छ। यो कुरा पढि ठुलो भए पछि जान्यौं भने पछुताउन पर्न सक्छ। हामीले धनी र गरिबको भिन्नताको बारेमा पनि यो पाठबाट बुझ्यौं कि धनी बालकहरुले पुन्टेलाई भकुन्डाले हिर्काए र त्यो धने साहुले पनि पन्टेका बाबुलाई श्रमको मुल्य बुझाउँदैन थियो। हामीले हजुरआमाको पात्रका मार्फत हाम्रो समाजमा भएका ~~भाग्यको~~ भाग्यको बारेमा झुटाकुरा फैलाउने मानिस बारेमा पनि बुझ्यो।

Scanned with CamScanner

## सिर्जनात्मक अभ्यास

१६. तल दिइएका बुँदाहरूलाई मिलाएर एउटा कथा तयार पार र उपयुक्त शीर्षक पनि देऊ :

### कागको रिस

→ कुनै गाउँमा एउटा ठुलो जङ्गल थियो। त्यहाँ काग र कोइली बस्थे। एक दिन, एउटा सिकारीले कोइलीलाई मार्न खोज्दा कागले त्यसलाई ठुँगेको थियो।

दुवैमा राम्रो मित्रता थियो। एक दिन उनीहरुले काठमाडौं जाने बिचारगरे। त्यहाँ गोदावरीमा उनीहरुको स्याल काका बस्थे। उनीहरु स्याल काकाकोमा पुगे। त्यहाँ अरु जनावरहरु पनि थिए। सबैले मिलेर कार्यक्रम गर्ने बिचार गरे। सिंह बुबाले नाच्नुभयो, कुखुरे काकीले ~~भएको~~ अण्डा ~~दिएको~~ दिइ र स्याल काकाले आफु ~~आफ्नो~~ चनाखो भएको बारेमा कथा सुनाए। कोइलीले गीत गाइ। सबैले त्यस गीतको प्रशंसा गरे। कागले पनि गीत गायो तर कसैले पनि मतलबै दिएन। काग रिसाएर गोदावरीबाट यु.एन. पार्क तिर ~~हि~~ उड्यो। कोइलीले उसलाई रोकिन् र स्याल काकाले सम्झाए। उनीहरुले कागलाई नरिसाउन अनुरोध गरे। कागले काकाले भनेको मान्यो। काग फेरी गोदावरी तिर फर्क्यो र सबैसँग मिलेर बस्ने वाचा गर्यो।

शिक्षा : आफुसँग अरुलाई कहिल्यै पनि दाँज्न हुँदैन।

Scanned with CamScanner